नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

प.सं ०७७\७८
च.नं ३९

मिति: २०७७।०४।३०

श्री स्थानीय तह (सबै),

विषयः आदेशको जानकारी एवं कार्यान्वयन सम्वन्धमा ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४६९, मिति २०७७/०४/२१ को पत्रबाट प्राप्त हुन आएको सम्मानित सर्वोच्च अदालतको मिति २०७४/१०/१५ मा भएको आदेश तहाँ सँग समेत सम्वन्धित देखिएकोले उक्त आदेशको जानकारी एवं कार्यान्वयनार्थ तहाँ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

विष्णुहरी वराल
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।
श्री सूचना तथा प्रविधि शाखाः **Website मा राख्ने प्रयोजनको लागि** ।

दर्ता नं: ३३
७२६

का सूत्र २११(५)

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कानून तथा फैसला कार्यान्वयन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : २०७७/०७८
च.नं. : फै.का./७१२/४६९

मितिः २०७७।०४।२१

श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
श्री रक्षा मन्त्रालय,
श्री वन तथा वातावरण मन्त्रालय,
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
श्री सहरी विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६८६
२०७७/४/२५
मिति:-

विषयः आदेश कार्यान्वयन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस कार्यालय समेत विपक्षी रहेको रिट निवेदक सुनिल रंजन सिंह भएको २०७४ सालको रिट नं. ७४-WO-०८७४ को उत्प्रेषण परमादेश मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।१०।१५ मा भएको आदेश त्यस मन्त्रालयसँग समेत सम्बन्धित देखिएकोले उक्त आदेश कार्यान्वयन गरी सोको जानकारी यस कार्यालय र फैसला कार्यान्वयन निर्देशनालयलाई समेत गराई दिनु हुन प्राप्त आदेशको प्रतिलिपि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

बोधार्थः
श्री महान्याधिवक्ताको कार्यालय,
सिंहदरवार, काठमाण्डौ।
श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय,
ववरमहल, काठमाडौं ।

(सृजना सिंह)
शाखा अधिकृत

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

सर्वोच्च अदालतबाट प्रतिलिपि २०७७/०२/२१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
आदेश
०७४-WO-००७४
मुद्दाः- उत्प्रेषण परमादेश।

सर्लाही जिल्ला, ईश्वरपुर नगरपालिका, वडा नं. १४ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११ बस्ने अधिवक्ता सुनिल रंजन सिंह------------------------------------------------------------ १ निवेदक

विरुद्ध

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार----- १
नेपाल सरकार गृहमन्त्रालय, सिंहदरबार-------------------------------- १
नेपाल सरकार भौतिक निर्माण तथा यातायात मन्त्रालय----------------- १ विपक्षी
नेपाल सरकार आपूर्ति व्यवस्था मन्त्रालय, सिंहदरबार------------------- १
नेपाल सरकार स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौं----------------- १
नेपाल सरकार केन्द्रीय दैवी प्रकोप उद्धार समिति गृह मन्त्रालय सिंहदरबार, काठमाडौं---------------------------------------------------------- १

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

१. २०७४ साल श्रावण महिनाको अन्तिम सप्ताह मेरो गाउँ घर लगायत तराई मधेशको करिब सम्पूर्ण जिल्लाहरुको अधिकतम भूभाग बाढी र पहाडका केही जिल्लाहरुको केही भूभाग पहिरोले अस्तव्यस्त हुँदा कल्पना नै गर्न नसक्ने जनधनको क्षति भएको छ। सयौंको मृत्यु भएको छ। दर्जनौं घाइते भएका छन्। सयौं बेपत्ता छन् हजारौ घर परिवार घर बिहिन छन्। यस्तो विकराल अवस्थामा नेपाल सरकाले चाहिने उद्धार र सहयोग नगरी अरु संघ संस्था अथवा व्यक्ति मार्फत हुने सहयोगलाई २०७४।४।३० को नेपाल सरकारको निर्णयले रोक लगाई एकद्वार प्रणाली लागू गरेको छ। तर सरकार आफै राहत उद्धार र बचावको काममा शिथिल छ र जनतालाई सडेगलेको राहतको सामग्री समेत बाँडेको छ र राहतको सामग्री गोदाममै थन्काएको छ। साथै महाभुकम्प पीडितलाई २ वर्ष भन्दा बढी

समयमा पनि व्यवस्थित राहत उपलब्ध गराउन नसकेको सरकारले एकद्वार प्रणालीबाट कहिलेसम्म राहत पुऱ्याउँछ सोको टुङ्गो छैन।

२. नेपाल सरकारले प्रभावित क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा नगरेर राष्ट्रिय अन्तराष्ट्रिय सहयोगका लागि आह्वान नगरेर उल्टै सहयोग गर्ने व्यक्ति संघ संस्थालाई आफूखुशी सहयोग नगर्नु भनी मिति २०७४।४।३० को केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णयले एकद्वार प्रणालीको निर्णय गरी आम पीडित जनाता मार्ने कार्यमा अगाडि बढेको प्रष्ट छ।

३. नेपाल सरकार केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७४।४।३० को निर्णय उत्प्रेषणको आदेशले बदर गरी बाढी र पहिरोमा परी जनधन गुमाएका परिवारलाई आवश्यक सम्पूर्ण व्यवस्था मिलाउन र नेपालको पानी भारत निकासमा भारतसँग ठोस पहल गरी आवश्यक समाधानको लागि परमादेशको आदेश जारी गरी पाउँ। साथै यो रिट निवेदनको टुङ्गो नलागेसम्म तत्काललाई अन्तरिम आदेश गरिएन भन्ने अपूरणीय क्षति पुग्ने भएकोले तत्काललाई बाढी र पहिरो क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरेर प्रभावित क्षेत्रमा युद्ध स्तरमा राहत र बचाउको कार्य गर्न राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थालाई सहयोग गर्न व्यक्तिहरुलाई सहयोग गर्न दिनू, साथै गाँस, बाँस, कपास, औषधी उपचार, सफा पानीको तुरुन्तै व्यवस्था मिलाउन, लास सदगद गर्न ठाउँ उपलब्ध गराउने लगायतको कार्यमा कुनै बहानाबाजी नगरी तत्कालै गर्न सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी गरी पाउँ। यो रिट निवेदन नेपालको संविधानको धारा १६(१), १८(१) ,३१(१) ,३५(१), ३६(१), ३७(१), ३८(१), ३९(२) (३) (७) (८), (९), ४२(२), ४३, ४४(१), ४४(२) अनुसारको मौलिक हकको कार्यान्वयनको लागि यो रिट निवेदन लिएर उपस्थित भएको छु भन्ने समेत व्यहोराको निवेदक अधिवक्ता सुनिल रंजन सिंहको निवेदनपत्र।

४. यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, निवेदन मागबमोजिमको आदेश जारि हुनु नपर्ने कुनै आधार र कारण भए सो सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी यो आदेश र रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरुका नाममा म्याद/सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिनू। बाढी र पहिरो प्रभावित क्षेत्रमा भए गरेको राहत र बचाउको कार्यको सम्बन्धमा भए गरेको प्रगतिबारे ७ दिनभित्र प्रतिवेदन पेश गर्नु भनी विपक्षीहरुलाई लेखी पठाई प्रतिवेदन झिकाउनु र हाल आएको बाढी र पहिरोबाट प्रभावित मानिसहरुको उद्धार राहत र बचाउको कार्य स्वास्थ्य उपचार, शुद्ध पानी, खाना र

सुरक्षित बासस्थानको कार्य तुरुन्तै गर्न आवश्यक भएको र तत्सम्बन्धी कार्य प्रभावकारी रुपमा संचालित भै रहेको नपाइएकाले नेपाल सरकार केन्द्रीय दैवी प्रकोप उद्दार समितिको मिति २०७४।०४।३० को निर्णय हाल कार्यान्वयन नगरी यथास्थितिमा राखी स्थानीय प्रशासनसँग समन्वय गर्ने गरी राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्था समेतको सहयोग लिई पीडितको गाँस, बास, लत्ता, कपडा, औषधी उपचार र सफा पानी समेतको समुचित व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ दफा ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी अबिलम्ब विपक्षीहरुलाई दिई कानूनबमोजिम गर्नुहोला भन्ने समेत व्यहोराको मिति २०७४।०५।०२ को यस अदालतको आदेश।

५. नेपाल सरकार संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणलाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरुको सम्मान, संरक्षण र सम्बर्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा कटिबद्ध रहेको छ। दैवी प्रकोपबाट सर्वसाधारण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नको लागि दैवी प्रकोप उद्दार कार्यहरु गर्ने सम्बन्धमा दैवी प्रकोप (उद्दार) ऐन, २०३९ जारी भई कार्यान्वयनमा रहेको छ। उक्त ऐनको दफा ५ मा दैवी प्रकोप उद्दार कार्य सम्बन्धी नीतिको तर्जुमा, कार्यक्रम बनाउन र कार्यान्वयन गर्न तथा तत्सम्बन्धी अन्य आवश्यक काम कारवाही गर्न गराउनका लागि गृह मन्त्री अध्यक्ष रहेको दैवी प्रकोप उद्दार समितिको व्यवस्था गरेको छ। त्यसैगरी उक्त ऐनको दफा ६ मा केन्द्रीय दैवी उद्दार समितिको काम र कर्तव्यहरुको व्यवस्था गरिएको छ। दफा १२ ले दैवी प्रकोप उद्दार कार्यमा सघाउ पुऱ्याउन केन्द्रीय समिति, क्षेत्रीय समिति, जिल्ला समिति तथा स्थानीय समितिलाई सम्बन्धित क्षेत्र तथा नजिकका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालय, संघ संस्था वा व्यक्तिले सहयोग गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्थाहरु परिपालना गर्न गराउन तथा बाढी प्रभावितहरुलाई राहत पुऱ्याउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तदारुकताका साथ कार्य गर्दै आएको छ। बाढी, पहिरो तथा डुवानका कारण विशेष गरी तराई क्षेत्रको जनजीवन अत्यन्त कष्टकर भएको हुँदा बाढीबाट प्रभावितहरुलाई राहत दिन तथा पीडितको उद्दार गर्न समेत नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७४।४।२९ मा देहाय बमोजिम निर्णय गरेको छः-

क. गत केही दिनदेखी भइरहेको अविरल वर्षासँगै मुलुकका तराई मधेश लगायतका केही जिल्लाहरुमा बाढी, पहिरो र डुबानले गर्दा जनधनको क्षति हुनुको साथै यातायात, सञ्चार र विद्युत सेवा अवरुद्ध हुनाका साथै जनजीवन अस्तव्यस्त भई

सङ्कटको अवस्था सिर्जना भएको दुःखद परिस्थितिमा नेपाल सरकारका प्रशासनिक निकायहरु, सबै सुरक्षा अङ्गहरु, स्थानीय निकाय, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी प्रभावकारी उद्धार, राहत उपचार एवं बसोबासको व्यवस्था युद्धस्तरमा मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने।

ख. बाढी, पहिरो तथा डुबानमा परी ज्यान गुमाउने मृतकहरु प्रति श्रद्धाञ्ली अर्पण गर्ने, पीडित परिवार प्रति समवेदना प्रकट गर्ने तथा घाइते हुनेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।

ग. मुलुकको विभिन्न भागमा आएको बाढी पहिरोका कारण उत्पन्न प्रकोपबाट पीडित जनताहरुलाई राहत प्रदान गर्नका लागि मन्त्रिपरिषद्का सदस्यहरुको एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने। साथै उक्त कोषमा सहयोग उपलब्ध गराउन चाहने विभिन्न व्यक्ति, निकाय वा संघ संस्थाको सहयोगलाई स्वीकार गर्ने।

६. हाल बाढी, पहिरो र डुबानबाट प्रभावित क्षेत्र र संकटापन्न परिवारको राहतका लागि देहायबमोजिम गर्ने-

क. प्रभावितक्षेत्रमा भएको जनधनको क्षति मूल्याङ्कन गरी तात्कालिन, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तयार गरी गृह मन्त्रालयको समन्वयमा कार्यान्वयन गर्ने गराउने।

ख. आ-आफ्नै मन्त्रालय अन्तर्गतका राहत, उद्धार र क्षति भएका पूर्वाधारहरुको मर्मत सम्भार तथा पुनर्स्थापनाका लागि आवश्यक पर्ने रकम सम्बन्धित मन्त्रालयमा विनियोजित बजेटबाट नै खर्च गर्ने र रकम नपुग भएमा अर्थ मन्त्रालयबाट थप निकासा वा सोधभर्ना माग गर्ने।

ग. प्रकोपमा परी मृत्यु हुने मृतकको नजिकको हकदारलाई प्रति मृतक दुई लाख रुपैंया आर्थिक सहायता उपलब्ध गराउने।

घ. घाइतेहरुलाई सरकारी अस्पतालमा निःशुल्क औषधोपचारको व्यवस्था मिलाउने।

७. अविरल वर्षाबाट आएको बाढी, पहिरो तथा डुवान पीडितहरुलाई खाद्यान्न प्रयोजनका लागि नगद राहत उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ९/७०-०७४/४/३१ को प्रस्ताव मं.प.बै.सं. २७/०७४ मिति २०७४।४।३१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेको छ।

क. संकटको अवस्थामा रहेका पीडितहरु यकिन गरी सम्बन्धित जिल्लाका जिल्ला दैवी
प्रकोप उद्दार समितिबाट यसरी यकिन भएको पीडितहरुलाई खाद्यान्न खरिद गर्नका
लागि प्रति व्यक्ति प्रति दिन रु.७०।– का दरले ३० दिनका लागि एकमुष्ट नगदै
राहत उपलब्ध गराउने।

ख. यसरी राहत स्वरुप उपलब्ध गराइने रकम केन्द्रीय दैवी प्रकोप उद्दार कोषले जिल्ला
दैवी प्रकोप उद्दार कोषलाई उपलब्ध गराउने।

ग. केन्द्रीय दैवी प्रकोप उद्दार कोषमा रकम अपुग भएमा गृह मन्त्रालयको मागको
आधारमा अर्थ मन्त्रालयले रकम निकासा दिने।

८. नेपाल सरकार र सम्बन्धित निकायहरु बाढी तथा पहिरो पीडितहरुलाई राहत उद्धार लगायत
सेवा प्रदान गरी उनीहरुको हक अधिकार संरक्षण गर्न गराउँन क्रियाशील रहेका छन्।
जहाँसम्म नेपालबाट बहने नदीनालाको पानी निकास सम्बन्धी विषय छ, सो सम्बन्धमा
नेपाल सरकारले आफ्नो कुटनीतिक माध्यमबाट पहल गरिरहेको र यो विषय विदेशी
मुलुकसँग जोडिएको नितान्त कुटनीतिक विषय समेत भएको हुँदा सम्मानित अदालतबाट
न्यायिक निरुपण हुन सक्ने नहुँदा रिट निवेदन जिकिर खारेजी गरी भन्ने समेत व्यहोराको
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा परेको लिखित
जवाफ।

९. २०७४ साल साउन महिनाको अन्तिम साता तराइका विभिन्न जिल्लामा बाढी आएपछि
बाढीका कारण स्थानीय जनताको स्वास्थ्यमा प्रतिकूल असर नपरोस् भनी तत्काल माननीय
स्वास्थ्य मन्त्रीज्यूबाट तराईका बाढी प्रभावित जिल्लाहरुमा विपद् व्यवस्थापनका लागि
मन्त्रालय तथा मातहत निकायलाई आवश्यक निर्देशन दिई उपचारका लागि चिकित्सकको
टोली औषधी सहित सर्लाही, बारा, पर्सा, रौतहट, धनुषा लगायतका जिल्लाहरुमा खटाइएको
थयो। बाढीग्रस्त प्रभावित क्षेत्रमा बाढीबाट भएको असर सम्बन्धमा सूचना संकलन गरी
उक्त सूचनाका आधारमा स्वास्थ्य शिविर सञ्चार गरी उपचार एवं स्वास्थ्य सेवा सहज तथा
प्रभावकारी रुपमा उपलब्ध गराईएको र मिति २०७४ साल भाद्र १२ सम्ममा ३५,५९५
जनाले उक्त शिविरबाट स्वास्थ्य सेवा प्राप्त गरेका छन्। बाढी प्रभावित क्षेत्रमा यस मन्त्रालय
र अन्तर्गत निकायबाट प्रवाह गरेको सेवा सम्बन्धी विस्तृत प्रतिवेदन यस मन्त्रालयको प.सं.
०७३।७४ च.नं. ४४, HEOC मिति २०७४।५।१२ को पत्रसाथ अदालत समक्ष पेश
गरिएको प्रतिवेदन व्यहोराले पनि पुष्टि गरेको छ। तसर्थ बाढी प्रभावित क्षेत्रमा यस मन्त्रालय
तथा अन्तर्गत निकायबाट यथेष्ट स्वास्थ्य सेवा उपलब्ध गराइएको हुँदा यस मन्त्रालयका

नाउँमा परमादेश जारी गरिरहन आवश्यक नभएकोले रिट खारेज गरीपाउँ भन्ने समेत व्यहोराको स्वास्थ्य मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१०. मुलुकमा हाल आएको बाढी र पहिरोबाट प्रभावित मानिसहरुको उद्दार राहत र बचाउको कार्य स्वास्थ, उपचार, सफा पानी, खाना र सुरक्षित बासस्थानको व्यवस्था जस्ता विषयहरु राज्यको स्रोत साधनको उपलब्धता अनुसार समयमै सम्पन्न गर्रिंदै आएको विषयमा बिना प्रमाण, आधार र कारण यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन औचित्यपूर्ण (Reasonableness) छैन। निवेदकलाई नेपालको संविधान तथा प्रचलित कानूनद्वारा प्रदत्त मौलिक हकमा प्रतिकूल असर पुग्ने गरी यस मन्त्रालयबाट कुनै काम कारवाही भए गरेको नहुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

११. हालै आएको अविरल वर्षा र त्यसबाट देशको विभिन्न स्थानमा आएको बाढी, पहिरो तथा डुवानबाट प्रभावित मानिसहरुको उद्धार, राहत र बचाउको कार्य गर्नका लागि नेपाल सरकार तत्कालै उपलब्ध सम्पूर्ण स्रोत, साधन र जनशक्ति परिचालन गरी अहोरात्र खटेको छ। सो सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद् र केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णयका आधारमा गृह मन्त्रालयबाट विभिन्न क्रियाकलापहरु सञ्चलन भइरहेको छ। नेपाल सरकार, मन्त्रिपरिषद् र केन्द्रीय दैवी प्रकोप उद्धार समितिले विभिन्न समय र मितिमा गरेको निर्णय र सो निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा गृह मन्त्रालय र मातहतका निकायहरुबाट सम्पादन भएका कार्यहरुलाई सम्मानित अदालतको जानकारीको लागि सादर अनुरोध छ। मिति २०७४।०४।२९ को मन्त्रिपरिषद्को बैठकबाट मुलुकको विभिन्न भागमा आएको बाढी, पहिरोका कारण उत्पन्न पीडित जनताहरुलाई राहत प्रदान गर्नका लागि मन्त्रिपरिषद्का सदस्यहरुको एक महिनाको परिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने साथै उक्त कोषमा सहयोग उपलब्ध गराउन चाहने विभिन्न व्यक्ति, निकाय वा संघ संस्थाको सहयोगलाई स्वीकार गर्ने स्वीकार गर्ने निर्णय गरेको छ। मिति २०७४।०४।३१ मा प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा रकम जम्मा गर्ने बारे गृह मन्त्रालयले अत्यन्त जरुरी सूचना प्रकाशन गरी विगत केही दिन देखिको अविरल वर्षातका कारण बाढी, पहिरो र डुवानबाट विभिन्न जिल्लाहरु प्रभावित भएका छन्। प्रभावित जिल्लाका जनताहरुलाई नगद सहायता प्रदान गर्न ईच्छुक दाता, संघ/संस्थाहरु तथा व्यक्तिहरुले प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषको विभिन्न बैंकहरुमा रहेको खातामा रकम जम्मा गरी सहयोग गर्नका लागि आव्हान गरिएको छ।

१२. राहत सामग्री वितरण सम्बन्धमा गृह मन्त्रालयको मिति २०७४।०४।३१ को अत्यन्त जरुरी सूचना मार्फत विगत केही दिन देखि परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुवानबाट प्रभावित व्यक्ति तथा परिवारहरुका लागि राहत सामग्री वितरण गर्दा कोही नछुट्ने र दोहोरो नपर्ने गरी न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था सुनिश्चित गर्न केन्द्रीय दैवी प्रकोप उद्धार समिति र जिल्ला दैवी प्रकोप उद्धार समितिको संयोजकमा स्थानीय जन प्रतिनिधिहरु मार्फत मात्र राहत सामाग्री वितरण गरिने व्यवस्था मिलाइएको छ। कुनै संघ संस्था वा व्यक्तिहरुले राहत वितरण गर्न चाहेमा केन्द्रीय दैवी प्रकोप उद्धार समिति वा जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा तोकिएको प्राथमिकता र क्षेत्रमा वितरण गर्ने गराउने व्यवस्था मिलाइएको छ।

१३. विषयगत मन्त्रालयहरुबाट खोजी, उद्धार, राहत तथा पुर्नस्थापनाका सम्बन्धमा भए/गरेका कार्य प्रगतिको दैनिक विवरण गृह मन्त्रालयको केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराउने। उपर्युक्त आधारमा, रिट निवेदनमा उल्लेख भए बमोजिम देशका विभिन्न स्थानमा बाढी तथा पहिरोबाट भएको जनधनको क्षतिमा चाहिने उद्दार र सहयोग नगरेको भनी लगाएको आरोपमा कुनै सत्यता छैन। साथै अरु संघ संस्था अथवा व्यक्ति मार्फत हुने सहयोगलाई निरुत्साहित गर्न नभई पीडित भएका मानिसहरुलाई समानुपातिक ढंगले एकरुपता कायम गरी राहत वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न र तोकिएको प्राथमिकता र क्षेत्रमा वितरण गर्न खोजिएको मात्र हो। यस मन्त्रालयले जिल्ला दैवी प्रकोप उद्दार समितिसँग समन्वय गरी बाढी पीडितलाई सहयोग गर्ने व्यक्ति संघ संस्थालाई राहत वितरण गर्नलाई रोकेको छैन। प्रकोप पीडित उद्दार र राहत सम्बन्धी मापदण्ड, २०६४ तथा केन्द्रीय दैवी प्रकोप उद्दार समिति र नेपाल सरकारले गरेको निर्णय अनुसार पीडित व्यक्तिहरुलाई राहत सामग्री तथा राहत रकम निष्पक्ष, पारदर्शी तथा व्यवस्थित तवरले जिल्ला दैवी प्रकोप उद्दार समिति मार्फत वितरण हुँदै आइरहेको छ। अतः माथि उल्लेखित बुँदा र तथ्यका आधारमा रिट निवेदन खारेज भागी छ। खारेज गरी पाउँ भन्ने समेत व्यहोराको केन्द्रिय दैवी प्रकोप उद्दार समितिको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

१४. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक विद्वान अधिवक्ता श्री सुनिलरंजन सिंहले २०७४ साल साउनको अन्तिम सप्ताहमा तराईका अधिकांश भूभाग बाढी र पहाडका केही जिल्लाहरुको भूभाग पहिरोले अस्तव्यस्त बनाई ठूलो जनधनको क्षति भएको छ। यस्तो अवस्थामा नेपाल सरकारले आफूले उद्दार पनि नगर्ने र अरु संघ, संस्था वा व्यक्ति मार्फत हुने सहयोगलाई नेपाल सरकारको मिति २०७४।४।३० को

निर्णयले रोक लगाई एकद्वार प्रणाली लागू गरेकोले उक्त एकद्वार प्रणाली गर्ने निर्णय उत्प्रेषणको आदेशले बदर गरी संघ, संस्था वा व्यक्तिहरुले राहत कार्य वितरण गर्न गराउन दिई पानीको प्राकृतिक बहावलाई नरोक्नु र सो प्राकृतिक बहावलाई असर नगर्न भारतसँग आवश्यक पहल गर्नु भन्ने परमादेश जारी हुनु पर्छ भनी गर्नु भएको बहस समेत सुनियो। विपक्षी सरकारी निकायको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री गणेशबाबु अर्यालले उक्त समयमा भएको बाढीको क्षति न्यूनिकरण भै जनजीवन सामान्य भइसकेको छ। सरकारले राहत वितरणको काम तिव्र गतिमा गरी जनधनको क्षति न्यूनिकरण गरेको हो। विभिन्न संघ, संस्था वा व्यक्तिले जथाभावी राहत वितरण गर्दा राहत प्राप्त गर्ने व्यक्तिको विवरण दुरुस्त नराख्ने हुँदा दोहोरो वितरण हुन सक्ने र कसैले राहत नै प्राप्त गर्न नसक्ने अवस्थालाई मध्य नजर राखेर एकद्वार प्रणालीबाट राहत वितरणको कार्यालाई व्यवस्थित मात्र गर्न खोजिएको हो। व्यवस्थित राहत वितरणको कार्यले निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात परेको छैन। राहतको कार्यक्रम संचालन गरी जनजीवन सामान्य भै सकेकोले रीटको प्रयोजन समाप्त भै सकेको समेत हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनियो।

१५. विद्वान कानून व्यवसायीहरुको बहस सुनी निवेदन सहितको मिसिल अध्ययन गरी निवेदन माग बमोजिम रिट निवेदन जारी हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो।

१६. निर्णयतर्फ विचार गर्दा, २०७४ साल श्रावण महिनाको अन्तिम सप्ताहमा तराईको करिब सम्पूर्ण जिल्लाहरुको अधिकतम भूभाग बाढी र पहाडका केही जिल्लाहरुको केही भूभाग पहिरोले अस्तव्यस्त हुँदा कल्पना नै गर्न नसक्ने जनधनको क्षति भएको छ। यस्तो विकराल अवस्थामा नेपाल सरकाले चाहिने उद्धार र सहयोग नगरी अरु संघ संस्था अथवा व्यक्ति मार्फत हुने सहयोगलाई २०७४।४।३० को नेपाल सरकारको निर्णयले रोक लगाई एकद्वार प्रणाली लागू गरेको छ। नेपाल सरकारले प्रभावित क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा नगरेर राष्ट्रिय अन्तराष्ट्रिय सहयोगका लागि आह्वान नगरेर उल्टै सहयोग गर्ने व्यक्ति संघ संस्थालाई आफूखुशी सहयोग नगर्नु भनी मिति २०७४।४।३० को केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्णयले एकद्वार प्रणालीको निर्णय गरेकोले सो निर्णय उत्प्रेषणको आदेशले बदर गरी बाढी र पहिरोमा परी जनधन गुमाएका परिवारलाई आवश्यक सम्पूर्ण व्यवस्था मिलाउन र नेपालको पानी भारत निकासमा भारतसँग ठोस पहल गरी आवश्यक समाधानको लागि परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदन भएकोमा अरु संघ संस्था अथवा व्यक्ति मार्फत हुने सहयोगलाई निरुत्साहित गर्न नभई पीडित भएका मानिसहरुलाई समानुपातिक ढंगले एकरुपता कायम गरी राहत वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न र

तोकिएको प्राथमिकता र क्षेत्रमा वितरण गर्न खोजिएको मात्र हो। नेपाल सरकारले जिल्ला दैवी प्रकोप उद्दार समितिसँग समन्वय गरी बाढी पीडितलाई सहयोग गर्ने व्यक्ति संघ संस्थालाई राहत वितरण गर्नलाई रोकेको छैन। प्रकोप पीडित उद्दार र राहत सम्बन्धी मापदण्ड, २०६४ तथा केन्द्रीय दैवी प्रकोप उद्दार समिति र नेपाल सरकारले गरेको निर्णय अनुसार पीडित व्यक्तिहरुलाई राहत सामग्री तथा राहत रकम निष्पक्ष, पारदर्शी तथा व्यवस्थित तवरले जिल्ला दैवी प्रकोप उद्दार समिति मार्फत वितरण हुँदै आइरहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफ रहेको पाईयो।

१७. सो सन्दर्भमा हेर्दा, २०७४ साल श्रावण अन्तिम साता आएको बर्षाका कारण तराईका विभिन्न जिल्लाका भू-भागमा डुबान र पहाडका विभिन्न जिल्लामा पहिरोको कारण ठूलो धनजनको क्षती भएकोमा विवाद देखिँदैन। सो बाढी र पहिरो प्रभावित क्षेत्रमा विभिन्न संघ संस्था वा व्यक्तिहरुले गरेको राहत वितरणको कार्यलाई नेपाल सरकारको मिति २०७४।४।३० को निर्णयले रोक लगाई एकद्वार प्रणाली अन्तर्गत जिल्ला दैवी प्रकोप उद्दार समिति मार्फत राहत वितरण गर्ने भनी निर्णय गरेको देखिन्छ। सरकारले उक्त बाढी तथा पहिरो प्रभावित क्षेत्रमा गरेको उद्दार तथा राहत वितरणको कार्यलाई समन्वयात्मक रुपमा परिचालन गरी प्रभावकारी उद्दार, राहत उपचार एवं बसोबासको व्यवस्था मिलाउन निर्देशन दिएको पनि देखिन्छ। त्यसैगरी दैवी प्रकोप (उद्दार) ऐन, २०३९ को दफा १२ मा "दैवी प्रकोप उद्दार कार्यमा सघाउ पुऱ्याउन केन्द्रिय समिति, क्षेत्रीय समिति, जिल्ला समिति तथा स्थानीय समितिलाई सम्बन्धित क्षेत्र तथा नजिकको क्षेत्रका सबै सरकारी तथा गैर सरकारी कार्यालय, संघ संस्था वा व्यक्तिले सहयोग गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सो कानूनी व्यवस्था बमोजिम दैवी प्रकोप उद्दार कार्यमा सघाउ पुऱ्याउन विभिन्न संघ संस्था वा व्यक्तिले सक्ने नै देखिन्छ।

१८. नेपाल सरकारको मिति २०७४।४।३१ को निर्णयले मुलुकको विभिन्न भागमा आएको बाढी, पहिरोका कारण उत्पन्न प्रकोपबाट पीडित जनतालाई राहत प्रदान गर्न प्रधानमन्त्री दैवी प्रकोप उद्दार रकम कोषमा उपलब्ध गराउने र उक्त कोषमा सहयोग उपलब्ध गराउन चाहने विभिन्न व्यक्ति, निकाय वा संघ संस्थाको सहयोगलाई स्वीकार गर्ने भनी निर्णय गरेको देखिन्छ। बाढी, पहिरो र डुबानबाट प्रभावित व्यक्ति तथा परिवारहरुका लागि राहत सामाग्री वितरण गर्दा कोही नछुट्ने र दोहोरो नपर्ने गरी न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था सुनिश्चित गर्न केन्द्रीय दैवी प्रकोप उद्दार समिति र जिल्ला दैवी प्रकोप उद्दार समितिका संयोजकत्वमा स्थानीय जनप्रतिनिधि मार्फत वितरणको व्यवस्था मिलाएको देखिन्छ। उक्त समितिहरु मार्फत राहत वितरण गरेको कार्यलाई अन्यथा भन्न मिल्ने देखिँदैन। त्यसरी

सरकारद्वारा गठित दैवी प्रकोप उद्दार समितिहरुले न्यायोचित वितरण गरे वा नगरेको विषयमा कहीं कतै विवाद उठाएको समेत देखिँदैन। उक्त समयमा आएको वर्षादका कारण आएको बाढी, पहिरो वा डुवानको समस्या हाल समाधान भई जनजीवन सामान्य अवस्थामा रहेको पाइन्छ। यसै सन्दर्भमा भएको आदेश अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट विभिन्न समयमा पेश भएका प्रतिवेदनहरु समेतबाट उद्दार तथा राहतका कार्यक्रमहरु यथासमयमा सञ्चालन भई वितरण भएको पनि देखिन्छ।

तसर्थ, २०७४ साल श्रावण अन्तिम हप्तामा परेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोले पुर्याएको क्षतिका सम्बन्धमा तत्काल राहत वितरणको कार्यमा संघ संस्था वा व्यक्तिलाई पनि राहत वितरण गर्न दिनु भनी उल्लेख गरेकोमा सो राहत वितरणको कार्य सम्पन्न भै जनजीवन सामान्य भै रहेकोले अब यतिका लामो समयपछि आएर स्पष्ट कानूनको उल्लंघन भएको भन्ने अवस्थाको अभावमा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने औचित्य नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। सो ठहर्नाले मिति २०७४।५।२ मा जारी भएको अन्तरीम आदेश निश्कृय हुन्छ।

साथै निवेदकले उठाएका बाँच्न पाउने अधिकारसहितका मौलिक अधिकारको संरक्षण, विपत व्यवस्थापनसमेतका व्यवस्थापकीय कुराहरूका सम्बन्धमा विचार गर्दा, नेपालको संविधानले मौलिक मानवअधिकारको प्रत्याभूति गर्दै ती अधिकारको सार्थक कार्यान्वयन गर्ने जिम्मेवारी राज्यलाई सुम्पेको छ। प्रकृतिक प्रकोपलगायत अन्य कुनैपनि कारणमा व्यक्तिको मौलिक हक अधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने दायित्वबाट राज्य विमुख हुन सक्दैन। नागरिकको संरक्षकको हैसियतले आफ्नो स्रोत साधनको समुचित परिचालन गरी आफूले लिएको जिम्मेवारीबाट कुनैपनि बहानामा राज्यले पछि हट्न मिल्दैन। यो वा त्यो कारणलाई आधार बनाई जनताका मौलिक हक कुण्ठित हुने गरी गरिएका राज्यका क्रियाकलापलाई वैधता प्रदान गर्ने गरी कुनै पनि कार्य गर्ने अधिकारपनि राज्यलाई हुँदैन। मौलिक मानवअधिकारको संरक्षण गर्नुपर्ने दायित्व पूरा गर्न गरिएका क्रियाकलाप व्यवहारमा पनि देखिनु पर्छ। त्यसैले राज्यले जनताका लागि अधिकारको संरक्षण संवर्द्धन गर्दा जनताको सहमति र सम्मति हुने किसिमबाट गर्नुपर्छ। जीवन स्वतन्त्रताको अर्थ बाँच्न पाउने कुरामा मात्र सीमित हुनु हुँदैन, सम्मानपूर्वक बाँच्न पाउने हक नै वास्तवमा जीवन स्वतन्त्रताको हक हो भन्ने कुरा देखिनु पर्छ। हालैको बाढी पहिरोबाट राज्यले बेहोर्नु परेको क्षति र जनताले पाएको हैरानीको बीच तादत्म्य हुने गरी राज्यका क्रियाकलाप प्रदर्शित हुनुपर्छ। त्यसैले आगामी दिनमा यस्तो प्राकृतिक विपत्तिबाट हुन सक्ने क्षति न्युनीकरण गर्नेतर्फ राज्यले कदम चाल्नु पर्ने देखिन आएको छ। विकासको नाममा अव्यवस्थित बस्ती विकास र दीर्घकालीन सोच बेगर बनेका

भौतिक संरचनाका कारण विपद व्यवस्थापनपश्चात् पनि जनताले आफूलाई सुरक्षित महसुस गर्न नसक्नु अर्को विडम्बना देखिएको छ। सार्वजनिक तथा सरकारी जमिन तथा वन जंगलमाथिको अतिक्रमणका कारण आपत्कालीन अवस्थाको सृजना भई कतिले ज्यान गुमाउनु परेको यथार्थता राज्यको सामु देखा परेको छ। प्राकृतिक स्रोतको दिगो उपयोग हुने गरी गरिएको विकास नै बास्तवमा दिगो विकास हो। तसर्थ आगामी दिनमा बाढी पहिरोबाट हुन सक्ने क्षतिको न्यूनीकरण, प्राकृतिक प्रकोप एवं विपत् व्यवस्थापन, सुरक्षित भई बाँच्न पाउने हकको सम्मान, दिगो विकास, सुरक्षित, स्वास्थ्य, तथा सुन्दर बस्ती विकास, दैवीप्रकोपको बेला आश्रय लिने पर्याप्त खाली जमिनको योजनाबद्ध साथै नीति निर्माण र समसामयिक कानून निर्माणका लागि देहायको कार्य गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा देहायको निर्देशनात्मक आदेश जारी गरिदिएको छः-

क. नेपालको संविधानको धारा १६ (१) ले मानिसलाई सम्मनपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ। नागरिक तथा रानीतिक अधिकारसम्बन्धी राष्ट्रसंघीय अनुबन्ध (ICCPR)१९६६ को धारा ६ ले मानिसको बाँच्न पाउने अधिकारलाई कानूनले संरक्षित गर्नु पर्ने राज्यको दायित्व निर्धारण गरेको छ भने मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को प्रस्तावनामै भयबाट मुक्ति पाउने अधिकार मानवमात्रमा रहेको उल्लेख गर्दै कुनै पनि राज्यका सरकारले त्यस्तो वातावरण सिर्जना गर्नुपर्ने दायित्व वहन गर्नेछन् भनिएको छ। बाढी पहिरोलगायतका प्राकृतिक प्रकोपले समाजमा भौतिक तथा मानवीय क्षति मात्र नभई दीर्घकालसम्म प्रभाव रहने गरी मनोवैज्ञानिक असर पुऱ्याएको हुन्छ। यस्तो प्रकोपबाट पर्न गएको भौतिक वा मानवीय क्षति देखेर, भोगेर वा सुनेर व्यक्तिका मन मष्तिष्कमा पर्न गएको असरले समाजलाई त्रसित र भयभित बनाएको हुन्छ। यो प्रकोप पश्चातको पीडा (Post disaster trauma) को अवस्था हो। भयबाट मुक्त हुन पाउने अधिकारको प्रत्याभूतिको लागि राज्यले आर्थिक, भौतिक सामाजिक वा मनोवैज्ञानिक उपायहरू अवलम्बन गरी व्यक्तिलाई भयरहित वातावरणमा बाँच्नसक्ने अवस्थाको सुनिश्चितता दिलाउनु पर्छ। बाढी पहिरोपश्चातको पीडाको सम्बोधनका लागि राज्यले यथोचितरूपमा मनोसामाजिक परामर्श (Psycho-social counseling) सेवा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाउने। बाढी पहिरोलगायतका कुनै प्राकृतिक विपत्तिका बारेमा आम जनमानसलाई आतङ्कित र त्रसित पार्ने गरी कुनै निराधार सूचना, समाचार वा भविष्यवाणी गर्न निषेध गर्ने। विना आधार आम

जनमानसलाई आतङ्कित पार्ने गरी सार्वजनिक प्रचार प्रसार वा सूचना, समाचार, आलेखहरू प्रकाशन गर्ने कार्यलाई दण्डनीय बनाउने गरी कानून निर्माण गर्ने।

ख. कुनै खास क्षेत्रमा गएको बाढी पहिरोको जानकारी तुरन्त दिन सके अर्को क्षेत्रमा हुन सक्ने क्षतिलाई जोगाउन सकिने हुँदा बाढी पहिरोको अध्ययन अनुसन्धान गर्ने आधिकारिक निकायको गठन नभएसम्म पूर्व चेतावनी प्रणाली (Early Warning System) जडान गरी द्रुत सञ्चार माध्यमबाट जानकारी गराउने व्यवस्था मिलाउने।

ग. हाल प्रचलनमा रहेको दैवी प्रकोप उद्धार ऐन, २०३९ उद्धार र राहतमा मात्र सीमित रहेको र बाढी पहिरो जस्तो महाविपत्तिको समयमा विपत व्यवस्थापन एवं पुनः निर्माण तथा पुनर्स्थापना कार्यको लागि यो ऐन पर्याप्त र समसामयिक नदेखिएकोले विपत व्यवस्थापन एवं पुनः निर्माण तथा पुनर्स्थापनासम्बन्धी राष्ट्रिय नीति निर्माण गरी विपत व्यवस्थापनका तीन चरण Reduce, Response र Recovery लाई सम्बोधन हुने गरी यथाशीघ्र सोसम्बन्धी ऐन तथा नियमको तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाउने।

घ. बाढी पहिरोको जोखिमलाई न्यूनीकरण गर्न हाल भइरहेको भवन निर्माणसंहिता र मापदण्डको पुनरावलोकन गरी पृथक क्षेत्रमा निर्माण हुने भवन संरचनाको उपयुक्त मापदण्ड यथाशीघ्र बनाई लागू गर्ने र त्यसको सम्बद्ध निकाय तथा स्थानीय निकायबाट नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने।

ङ. राजमार्ग तथा ग्रामीण सडक निर्माण गर्दा मापदण्ड निर्धारण गरी बाढी पहिरोलगायतका प्राकृतिक कारणबाट हुनसक्ने भूस्खलन र त्यसबाट हुन सक्ने जोखिमको सर्वेक्षण गरी बम ब्लास्टिङ जस्ता जमिनको भित्री भागमा कम्पन ल्याउने उपकरणको प्रयोग नगर्ने व्यवस्था मिलाउने।

च. बाढी पहिरोकै कारण जिउ बचाउन सफल भए तापनि कतिले घरबास र आश्रय गुमाएको अवस्था हुँदा त्यस्ता व्यक्तिको पहिचान गरी तिनीहरूलाई रोजगारको व्यवस्था गर्न सीप सिकाई पुन निर्माणको कार्यमा संलग्न हुने प्रबन्ध मिलाउन।

छ. कुनै पनि विकास सम्बन्धी योजना संचालन गर्दाको अवस्थामा वातावरणमा प्रतिकूल असर नपर्ने गरी प्रभाव मूल्याङ्कनको दृष्टिकोणबाट ख्याल गरी मानव र पर्यावरण बीचको अन्तर सम्बन्ध तथा अन्तर्निर्भरताले नै विकासलाई टेवा पुऱ्याउने भएकोले दिगो विकासको लागी मानवीय आवश्यकताको पूर्ति र विकासहरुलाई वातावरणसँग सन्तुलित रुपबाट आवद्ध गर्न वातावरण विकासलाई सहयात्रीको रुपबाट लैजाने प्रवन्ध गर्नु पर्ने।

ज. योजना विना नै वस्ती विकास, विकासको नाममा जथाभावी निर्माण कार्य गर्नु, विपत्तिसँग जुध्ने क्षमताको पूर्वाधार तयार नगर्नु र कमजोर तयारीका कारण विपद व्यवस्थापन हुन

नसक्ने भएबाट पहिले घटेका घटनाहरुबाट पाठ सिक्दै उचित प्रवन्ध गर्ने तर्फ विशेष व्यवस्थापन गर्दै जाने।

झ. नदीको क्षेत्र कति हुने वगर कति छोड्नु पर्ने, नदी व्यवस्थापन कसरी गर्ने भन्ने कुरामा विशेष जोड दिने।

ञ. पूर्वाधार संरचना निर्माण गर्दा नै विपत्तिको जोखिमको लेखाजोखा गरेर मात्र योजना बनाउनु पर्ने।

ट. व्यवस्थित सहरीकरणको प्रवन्ध गर्ने कुन क्षेत्रमा कति वस्ति बसाउने, उद्योगहरु स्थापना गर्दा कहाँ गर्ने, विद्यालय, स्वास्थ्य चौकी कहाँ राख्ने, खेति योग्य जमिनको संरक्षण गर्ने, खेति योग्य जमिनमा अन्य संरचना बनाउन नदिने।

ठ. भैरहेको भु-उपयोग नीतिलाई प्रभावकारी कार्यान्वयन गर्ने, जथाभावी घर र संरचना बनाउन नदिई व्यवस्थित गर्ने।

ड. नदी क्षेत्रको अनियन्त्रित दोहनका कारण पनि पुलको जग वरपर कटान हुँदा पुल कमजोर बन्न पुग्ने हुँदा दोहन कार्य गर्न नदिने।

ढ. विकास परियोजनाहरुमा कतै पनि पानीको निकासलाई उचित ध्यान नदिँदा औसत वर्षाले समेत त्यस्ता पूर्वाधारहरुमा क्षति पुऱ्याएको हुन्छ, औषध वर्षा भन्दा धेरै पानी निकासलाई ध्यान दिई पूर्वाधार योजना बनाउने।

ण. विपत्तिपछि उद्धारमा भन्दा संभावित विपत् आईसकेपछि के गर्ने भन्ने तयारी पहिले नै गर्ने सक्ने क्षमता विकास गर्ने ।

२१. प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत - जगतबहादुर पौडेल

कम्प्यूटर टाईप - प्रेमबहादुर थापा

इति सम्वत् २०७४ साल माघ महिना १५ गते रोज २ शुभम् ----------------------।